## दोस्रो कार्यकालको दोस्रो नगर सभाको, पाचौ अधिवेशनको दोस्रो बैठक

**बैठक संख्या:- २**

आज मिति २०८१ साल असार १७ गते सोमबारका दिन बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको पाचौ अधिवेशनको दोस्रो बैठक नगर प्रमुख श्री पवित्रा देवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न नगर सभा सदस्यहरुको उपस्थितिमा नगरपालिकाको सभा कक्षमा सम्पन्न गरियो ।

उपस्थिती

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाई | सभाअध्यक्ष | |
| २ | नगर उप–प्रमुख श्री नगेन्द्र प्रसाद संग्रौला | सभासद | |
| ३ | १ नं. वडा अध्यक्ष श्री अग्नी प्रसाद पाण्डे | सभासदस्य | |
| ४ | २ नं. वडा अध्यक्ष श्री किशोर कुमार पौडेल | सभासदस्य | |
| ५ | ३ नं. वडा अध्यक्ष श्री मदन बुढाथोकी | सभासदस्य | |
| ६ | ४ नं.वडा अध्यक्ष श्री राहुल कुमार शर्मा | सभासदस्य | |
| ७ | ५ नं. वडा अध्यक्ष श्री रोहित प्रसाई | सभासदस्य | |
| ८ | ६ नं. वडा अध्यक्ष श्री सुर्य प्रसाद कन्दङ्गवा | सभासदस्य | |
| ९ | ७ नं. वडा अध्यक्ष श्री कृष्ण प्रसाद खरेल | सभासदस्य | |
| १० | ८ नं. वडा अध्यक्ष श्री अजय कार्की | सभासदस्य | |
| ११ | ९ नं. वडा अध्यक्ष श्री हरि प्रसाद चौलागाई | सभासदस्य | |
| १२ | १० नं. वडा अध्यक्ष श्री दुर्योधन गुरुङ्ग | सभासदस्य | |
| १३ | कार्यपालिका सदस्य श्री यमुना देवी आचार्य | सभासदस्य | |
| १४ | कार्यपालिका सदस्य श्री तिला गौतम | सभासदस्य | तिला |
| १५ | कार्यपालिका सदस्य श्री निर्मला देवी सुनार | सभासदस्य | |
| १६ | कार्यपालिका सदस्य श्री लक्षिमा खतिवडा | सभासदस्य | |
| १७ | कार्यपालिका सदस्य श्री संगिता सिवा | सभासदस्य | |

| | | | |
|---|---|---|---|
| १८ | कार्यपालिका सदस्य श्री जगतबन्धु राजबंशी | सभासदस्य | |
| १९ | कार्यपालिका सदस्य श्री सिता दुङ्गाना बि.क. | सभासदस्य | |
| २० | कार्यपालिका सदस्य श्री शर्मिला राजवंशी | सभासदस्य | |
| २१ | दलित महिला सदस्य श्री कमला महरा दर्जी | सभासदस्य | |
| २२ | वडा सदस्य श्री योगचन्द्र आङ्वुहाङ्ग | सभासदस्य | |
| २३ | वडा सदस्य श्री टेक बहादुर अधिकारी | सभासदस्य | |
| २४ | दलित महिला सदस्य श्री सर्मिला तिखत्री | सभासदस्य | |
| २५ | वडा सदस्य श्री चेतन विमली | सभासदस्य | |
| २६ | वडा सदस्य श्री ओमनाथ गौतम | सभासदस्य | |
| २७ | महिला सदस्य श्री धनसरी राजवंसी | सभासदस्य | |
| २८ | दलित महिला सदस्य श्री लक्ष्मि रोक्का सार्की | सभासदस्य | |
| २९ | वडा सदस्य श्री भागीमान लिम्बु | सभासदस्य | |
| ३० | वडा सदस्य श्री हरि प्रसाद बास्कोटा | सभासदस्य | |
| ३१ | महिला सदस्य श्री रमादेवी राजवंशी | सभासदस्य | |
| ३२ | वडा सदस्य श्री उमेश राउत | सभासदस्य | |
| ३३ | वडा सदस्य श्री केशव कुमार श्रेष्ठ | सभासदस्य | |
| ३४ | महिला सदस्य श्री शान्ता रोकाक्षत्री | सभासदस्य | |
| ३५ | दलित महिला सदस्य श्री मालती विश्वकर्मा | सभासदस्य | |
| ३६ | वडा सदस्य श्री दुर्गा प्रसाद शिवाकोटी | सभासदस्य | |
| ३७ | वडा सदस्य श्री ओमभक्त सेडाई | सभासदस्य | |
| ३८ | महिला सदस्य श्री गीता शर्मा (रेग्मी) | सभासदस्य | |
| ३९ | दलित महिला सदस्य श्री सोभा विश्वकर्मा | सभासदस्य | |
| ४० | वडा सदस्य श्री जिवन वास्कोटा | सभासदस्य | |
| ४१ | वडा सदस्य श्री खेमनाथ अधिकारी | सभासदस्य | |
| ४२ | महिला सदस्य श्री मन कुमारी लिम्बु | सभासदस्य | |

| | | | |
|---|---|---|---|
| ४३ | दलित महिला सदस्य श्री हिमलता विश्वकर्मा | सभासदस्य | |
| ४४ | वडा सदस्य श्री खडानन्द निरौला | सभासदस्य | |
| ४५ | महिला सदस्य श्री इन्दिरा पाण्डे | सभासदस्य | |
| ४६ | दलित महिला सदस्य श्री लक्ष्मी नेपाली | सभासदस्य | |
| ४७ | वडा सदस्य श्री सोपालाल राजबंशी | सभासदस्य | |
| ४८ | वडा सदस्य श्री अग्नी प्रसाद सिटौला | सभासदस्य | |
| ४९ | महिला सदस्य श्री सल्पना राजबंशी | सभासदस्य | |
| ५० | वडा सदस्य श्री केशव बुढाथोकी | सभासदस्य | |
| ५१ | वडा सदस्य श्री चन्द्र प्रसाद दंगाल | सभासदस्य | |
| ५२ | महिला सदस्य श्री धन माया श्रेष्ठ | सभासदस्य | |
| ५३ | दलित महिला सदस्य श्री दिपिका सिवा | सभासदस्य | |
| ५४ | वडा सदस्य श्री पञ्चधन राई | सभासदस्य | |
| ५५ | वडा सदस्य श्री प्रिथी बहादुर बस्नेत | सभासदस्य | |
| ५६ | प्रमुख प्रशासकीय अधिकृत श्री राधाकृष्ण खतिवडा | सचिव | |

## आ. व. ०८१/८२ को लागि बिर्तामोड नगरपालिकाको पांचौं नगर सभाको पहिलो अधिवेशनको पहिलो र दोस्रो बैठकबाट पारित भएका निर्णयहरु

निर्णय नं. १. आजको दोस्रो नगर सभाको पाचौ अधिवेशनको दोस्रो बैठक कार्यसूची अनुसारकादेहायका क्रियाकलापहरु गरी सम्पन्न गरियो ।

**देहाय**

- नगर सभाका सभाध्यक्षवाट दोस्रो नगर सभाको पाचौ अधिवेशनको दोस्रो बैठकको प्रारम्भ भएको घोषणा गर्नुभयो।
- मिति२०८१/०३/१०गतेकोबैठकमाप्रस्तुतभएकोनीति तथा कार्यक्रम बजेट, आर्थिक विद्येयक२०८१, विनियोजन विद्येयक २०८१ माथिछलफलका लागि नाम टिपोट गरी सदस्यहरुले आफ्ना विचार राख्नु भयो ।
- उल्लेखित प्रस्तावहरु माथि छलफल भयो ।
- सभाध्यक्षज्यूले बैठकमा पेश भएका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्नुभयो ।
  - आ व ०८१/८२ नीति, बजेट तथा कार्यक्रम सम्बन्धी प्रस्ताव,
  - आर्थिक विद्येयक २०८१
  - विनियोजन विद्येयक २०८१
  - न्यायिक समितिको आ व ०८०/८१ को प्रतिवेदन
  - अर्थ तथा सार्वजनिक लेखा समितिको आ व ०८०/८१ को प्रतिवेदन
- सभाध्यक्षज्यूबाट निर्णयार्थदेहायकाविविध प्रस्तावहरु प्रस्तुत गर्नुभयो ।

निर्णय नं. २. बिर्तामोड नगरपालिकाको आ. व. ०८१/०८२ का लागि दोस्रो नगर सभाको पाचौं अधिवेशनको पहिलो बैठकमा नगर प्रमुख श्री पवित्रा महतारा प्रसाईज्यूबाट प्रस्तुत गरिएको नगरको नीति तथा कार्यक्रमलाई नगरको पहिलो ५ वर्षे नगर आवधिक योजनाका साथ तादम्यता कायम गरी दीर्घकालिन दृष्टिकोणका साथ नीतिहरु अवलम्बन गर्ने गरी सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ३. बिर्तामोड नगरपालिकाको आ. व. ०८१/०८२ का लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख श्री नगेन्द्र प्रसाद सग्रौलाज्यूवाट नगरसभामा प्रस्तुत वजेट, योजना तथा कार्यक्रम, आर्थिक विद्ययेक २०८१ रविनियोजन विद्ययेक २०८१ लाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।



पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

निर्णय नं. ४. न्यायिक समितिको आ.ब.०८०-०८१ को वार्षिक प्रगति प्रतिवेदन, अर्थ तथा सार्वजनिक लेखा समितिको आ.ब.०८०-०८१ को वार्षिक प्रगति प्रतिवेदनसर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको सहकार्य र साझेदारीमा बिर्तामोड नगरपालिका क्षेत्रमा सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. आ. व. ०८०/०८१ का लागि नगर सभाबाट स्वीकृत भएका नगरस्तरीय तथा वडास्तरीय योजनाहरुलाई विभिन्न मितिमा भएको कार्यपालिकाको निर्णय भई संशोधन तथा रकमान्तर गरिएकाअनुसूचीमा उल्लेखित योजनाहरु तथा बजेटलाई अनुमोदन गरियो । साथै नगरसभाबाट स्वीकृत भएको बजेटको अधिनमा रही नगर प्रमुख तथा कार्यालयबाट निर्णय भएका अनुसूचीमा उल्लेखित लक्षित वर्गका योजना, सूचना सन्चार सम्वन्धी कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरु, अन्य पूर्वाधारजन्य योजनाहरु अनुमोदन गरियो ।

निर्णय नं. ७. वडा/नगरस्तरबाट संचालन हुन नसक्ने नगर गद्यरव तथा रुपानन्तकारी योजनाहरु नगरको योजना वैंकमा समावेश गरी प्राथमिकताका आधारमा प्रदेश तथा केन्द्र सरकारमा आयोजनाका सञ्चालनका लागि आवश्यक बजेट माग गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ८. उपभोक्ताहरुसंग देहाय बमोजिम लागत सहभागितामा योजनाहरु संचालन गर्ने ( शहरी क्षेत्रमा (वडा नं.-१,३,४,५ र वार्ड न. २ र ६ को राजमार्ग वरपरका क्षेत्र) नाला निर्माण गर्न उपभोक्ता समितिको लागत स्टिमेटको ४० प्रतिशत लागत सहभागिता हुनुपर्ने तथा प्लम, पेवर्स तथा सडक निर्माण लगाएत अन्य भौतिक संरचनामा २० प्रतिशत लागत सहभागिता र ग्रामिण क्षेत्र (वडा नं.-२,६,७,८,९,१०) मा नाला प्लम तथा पेवर्स सडक निर्माण तथा अन्य संरचना निर्माणका लागि लागत स्टिमेटको २० प्रतिशत अनिवार्य रुपमा सहभागिता हुने गरी उपभोक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने निर्णय गरियो । साथै प्रदेश तथा संघीय सरकारवाट विशेष परिस्थितिमा थप बजेट प्राप्त भएको हकमा नगर प्रमुखले निर्णय गरे बमोजिम लागत सहभागिता रहनेछ ।

निर्णय नं. ९. नगरपालिकाबाट कार्यान्वयन हुने आयोजना/योजनाहरुको प्राविधिक खर्च वापत अधिकतम ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी भुक्तान गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १०. यस नगरपालिकाबाट गत विगतदेखी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका र चालु आ. व. मा समेत प्राप्त गर्दै गरेका लाभग्राहीको विवरणलाई स्वीकृत गरी पञ्जिकरण विभागमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११. संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय/अन्तराष्ट्रिय दातृ निकायहरुबाट यस नगरपालिकाभित्र कुनै आयोजना संचालन गर्न स्वीकृत भएको खण्डमा यस



बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

नगरपालिकाले सम्झौता अनुसारको लागत सहभागिता समपूरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. १२. नगर क्षेत्रभित्र रहेका संचार माध्यमहरुलाई सूचीकृत हुन सूचना जारी गर्ने र सूचींकृत भएका दैनिक, साप्ताहिक पत्रिका, टेलिभिजन, रेडियो, एफ. एम. र अनलाईनहरुलाई लोककल्याणकारी विज्ञापन वापतको वार्षिक एकमुष्ठ सुविधा निम्नानुसार उपलब्ध गराउने निर्णय गरियो ।

- टेलिभिजन-रु. १०००००।-
- दैनिक पत्रिका-रु. ८५०००।-
- रेडियो, एफ. एम.-रु. ८५०००।-
- साप्ताहिक पत्रिका-रु. ६५०००।-
- अनलाईन-रु. ३६०००।००

निर्णय नं. १३. कोशी प्रदेशसरकारले प्रदेश कर्मचारीहरुको लागि पारित गरेको पारिश्रमिक, खाजा खर्च तथा अन्य सेवा सुविधा अनुरुप यस विर्तामोड नगरपालिकाले आगामी आ.व. ०८१/०८२ मा समेत कर्मचारीहरुलाई थप १ महिनाको पारिश्रमिक तथा खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४. विर्तामोड नगरपालिकालाई बालमैत्री, पोषणमैत्री तथा अपाङ्गमैत्री नगरपालिकाको रुपमा अगाडी बढाउने साथै प्रदेश सरकार, करुणा फाउण्डेशन नेपाल सँगको साझेदारीमा समूदायमा आधारित अपाङ्गता पुनःस्थापना कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५. अर्थ तथा सार्वजनिक लेखा समितिले नगरसभाको अधिवेशनमा पेश गरेको प्रतिवेदन अनुसार महालेखा परीक्षकको कार्यालयबाट विभिन्न आ.ब. को अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामान्य प्रकिया नमिलेका रित नपुगेका तथा सरकारी हानी नोक्सानी समेत नभएको नियमित गर्नुपर्ने देहायका वेरुजुलाई वेरुजु रकम नियमित गर्न महालेखा परीक्षकको कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

<u>देहाय</u>

| आ.ब. | रकम रु. |
|---|---|
| ०७४/०७५ | १,०१,९६,२१३।०० |
| ०७५/०७६ | ५३,५७,१९८।०० |
| ०७६/०७७ | ३,३६,०१,२४३।०० |
| ०७७/०७८ | ४,६९,०१,६५४।०० |
| ०७८/०७९ | १७,२१,१४९१।०० |
| ०७९/०८० | ४,१८,५०,५५६।०० |
| जम्मा | १५,५१,१८,३५४।०० |

निर्णय नं. १६. विर्तामोड नगरपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत अस्थायी, करार र ज्यालादारीमा कार्यरत करार सेवाका कर्मचारीहरु मध्ये कोशी प्रदेश सरकारको **स्थानीय सरकारी सेवाको (गठन तथा सञ्चालन) ऐन २०८०** को दफा ८ को उपदफा १८ बमोजिम करार सेवाबाट पदपूर्ति गर्न कानुनले तोके

बमोजिमका पदहरुमा कार्यरत **अनुसूची १** मा उल्लेखित करार सेवाका कर्मचारीहरुको करार म्याद अवधी आगामी २०८२ असार मसान्तसम्म थप गर्ने तथा सोही ऐनको दफा १४ बमोजिम स्थायी पदपूर्ति गर्नुपर्ने पदहरुमा कार्यरत करार सेवाका कर्मचारीहरु अनुसूची२ मा उल्लेखित कर्मचारीहरुको हकमा कोशी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पद दर्ता गरी लोक सेवाबाट पदपूर्ति नभएसम्मका लागि नगरको आन्तरिक स्रोटबाट तलबभत्ता व्यहोर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १७. नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता वितरण तथा व्यक्तिगत घटनादर्ता सम्वन्धी कार्यलाई व्यवस्थापन गर्न VERSP-MIS प्रणाली प्रयोगमा ल्याई सम्पूर्ण स्थानीय तहमा सेवा ईकाई मार्फत् सेवा प्रवाह गरिरहेकोमा संघीय सरकारले VERSP-MIS प्रणाली सम्वन्धी कार्यलाई क्रमश स्थानीय तहमा हस्तान्तरण गर्दै स्थानीय तहलाई जिम्मेवार वनाउँदै गई रहेकाले उल्लेखित प्रणालीलाई सुदृढ, संस्थागत र दिगो बनाउन विर्तामोड नगरपालिका र वडा कार्यालयहरुबाट समेत हुने सामाजिक सुरक्षा तथा घटना दर्ता सम्वन्धी कार्यको प्रभावकारी व्यवस्थापन गर्न आगामी ३ वर्षका लागि **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण परियोजना २०८१** कोशी प्रदेश स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ६ को उपदफा ४ र ५ बमोजिम उक्त परियोजना स्वीकृत गर्ने निर्णय गरियो । साथै परियोजना सञ्चालनका लागि आवश्यक अनुसूची ३ मा उल्लेखित जनशक्ति तथा साधन स्रोत आन्तरिक स्रोतवाट व्यवस्थापन गरी २०८१ श्रावण १ गतेदेखि २०८२ असार मसान्तसम्म परियोजना सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८. संघीय सरकारवाट विर्तामोड नगर अस्पतालका लागि प्रस्तावित दरबन्दीको आधारमा कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा अत्यावश्यक दरवन्दीहरु पद दर्ता गरी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गर्ने । साथै नगर अस्पतालमा २४ घण्टे सेवा सहित थप सुदृढीकरण र विशेषज्ञ सेवा विस्तार गर्दै लैजाने उद्देश्य अनुरुप स्वास्थ्य सेवा सञ्चालन तथा विस्तारका लागि आवश्यक थप स्वास्थ्यकर्मी/जनशक्ति नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले अस्पतालको आन्तरिक श्रोतको परिधीमा रही व्यवस्थापन गर्ने र हाल करार सेवामा कार्यरत अनुसूची ४ मा उल्लेखित कर्मचारीहरुको

बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल



पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख

CS CamScanner

करार अवधी ६ महिना थप गरी विर्तामोड नगर अस्पतालमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १९. यस नगरपालिकाबाट संचालित योजना तथा कार्यक्रम १०० मिटर भन्दा कम सडकमा पेर्वस लागाउन बाँकी रहेको सडकहरुमा पेर्वस लगाई सडक स्तरोन्नती गर्ने भनि मिति २०८०-१०-२८ गतेको नगरसभाबाट निर्णय भए बमोजिम देहायका वडाहरुमा नगरपालिका, वडा कार्यालय र उपभोक्ता समितिको लागत साझेदारीमा उपभोक्ता समिति मार्फत तपशिलका योजनाहरु संचालनका लागि सम्झौता भई कार्य भईरहेकोमा सो योजनाहरुको उपभोक्ता समितिहरुले व्यहोर्ने लागत सहभागिता वापतको रकम संकलन गर्न समय लागेको हुनाले समयमा कार्य सम्पन्न गर्न सकिने अवस्था नरहेकोले उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार नै उक्त योजनाहरु लाई आ व २०८१-८२ मा निरन्तरता दिई तथा क्रमागत योजनाको रुपमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०. विर्तामोड नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउन कार्यविधि बनाई आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २१. विर्तामोड नगरपालिका पूर्ण खोपयुक्त नगर घोषणा भईसकेकोले सो घोषणाको पूर्ण कार्यान्वयन सुनिश्चितता गरियो ।

निर्णय नं. २२. आगामी ३ वर्षभित्र विर्तामोड नगरपालिकालाई बालमैत्री तथा पोषणमैत्री स्थानीय पालिका घोषणा गर्न बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन कार्यकम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २३. नगरपालिकाबाट पञ्जिकरण विभागमा गत विगतदेखी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका र चालु आ. व. मा समेत प्राप्त गर्दै गरेका विवरणलाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २४. संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय/अन्तराष्ट्रिय दातृ निकायहरुबाट यस नगरपालिका भित्र कुनै आयोजना संचालन गर्न स्वीकृत भएको खण्डमा यस नगरपालिकाले सम्झौता अनुसारको लागत सहभागिता व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं. २५. विर्तामोड नगर अस्पतालमा स्वास्थ्य वीमा कार्यक्रम मार्फत प्राप्त भएको र हुने बजेटबाट नगर अस्पतालका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरु खरिद गर्ने एवम् सोको व्यवस्थापन गर्ने समेतको जिम्मेवारी नगर अस्पताललाई दिने निर्णय गरियो ।

निर्णय नं. २६. आ. व. ०८१/८२ मा संचालन हुने योजना/आयोजना/कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

विर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड, झापा कोशी प्रदेश, नेपाल

पवित्रा देवी महतारा प्रसाई
नगर प्रमुख